दश

# राज्य विहीन हुँदाका पीडा र संघर्ष

**जितेन्द्र कुमार कुशवाहा**

## पृष्ठभूमि

नेपालको संविधान २०७२ को धारा १० मा "कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन" भनी उल्लेख गरिएको छ। त्यसै गरी, धारा ११ का जम्मा १० ओटा उपधारामध्ये केही उपधाराहरू कार्यान्वयनमा रहे तापनि उपधारा (३) र (५) को कार्यान्वयन भएको छैन। उपधारा (३) मा "यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निज बालिग भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ" भनेर स्पष्ट उल्लेख छ। त्यसै गरी, उपधारा (५) मा "नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ" भनेर स्पष्ट पारेको छ (नेपाल सरकार २०७२)।

संविधानमा स्पष्ट लेखिए तापनि सम्बन्धित कार्यालयले प्रशासनिक र कानूनी अड्चन देखाउँदै यस विषयलाई आलटाल गर्दै आइरहेका छन्। उल्लिखित धाराहरू कार्यान्वयन नभएकै कारण लाखौँ नागरिक नागरिकता विहीन भएर बाँच्न बाध्य छन्। संविधानमा भएको व्यवस्था अनुसार नागरिकता सम्बन्धी ऐन नभएको कारण नागरिकता वितरणमा समस्या देखिएको छ।[१] नागरिकता सम्बन्धी कानूनी समस्या अहिलेको मात्र होइन।

[१] धनुषाका तात्कालिक प्रमुख जिल्ला अधिकारी प्रदीपराज कँडेलसँग साउन १६, २०७६ मा गरिएको कुराकानी। नेपालको अन्तरिम संविधान, २०६३ ले एक पटकको लागि जन्मको आधारमा नागरिकता प्रदान गर्ने संवैधानिक व्यवस्था गरेको थियो। सो संविधानको धारा ८ उपधारा (५)

नेपालमा पहिलो पटक फागुन १६, २०२० मा नेपाल नागरिकता ऐन, २०२० जारी भएको थियो । उक्त ऐन अनुसार नागरिकता वितरण कार्यको थालनी गरियो । नागरिकता वितरणको समयमा विभिन्न किसिमका प्रशासनिक बाधा/अवरोध आए । ती प्रशासनिक बाधा/अवरोधलाई समाधान गर्ने उद्देश्यले ऐनलाई समय-समयमा संशोधन र परिमार्जन गर्दै लगियो । वर्तमान समयमा पनि नेपालको संविधान बमोजिम नागरिकता ऐनमा आवश्यक संशोधन र परिमार्जन नभएका कारण राज्यमा लाखौँ नागरिक अनागरिक भएर जीवन जिउन बाध्य छन् । नेपालमा नागरिकता ऐन आएको आधा शताब्दीभन्दा बढी भइसक्दा पनि नागरिकले सहज रूपमा नागरिकता लिन सकिरहेका छैनन् ।

अर्कोतिर, बालबालिका सम्बन्धी ऐन, २०७५ ले प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुने बताएको छ । बालबालिका जन्मेपछि निजको बुबा वा आमाले बालबालिकाको नाम राखी प्रचलित कानून बमोजिम जन्मदर्ता गर्नु पर्नेछ । यो विषय पनि कार्यान्वयन भने हुन सकेको छैन । बुबा र आमाको नागरिकता नभएको कारण कैयौँ बालबालिकाको जन्मदर्ता नै हुन सकेको छैन । जन्मदर्ता प्रमाणपत्र नभएकै कारण विद्यालयमा पढ्न, बालपोषण भत्ताजस्ता सेवा-सुविधा लिनबाट उनीहरू वञ्चित भएका छन् ।

नागरिकताका लागि राज्य विहीन नागरिकले अहिलेको समयमा पनि संघर्ष गरिरहेका छन् । यस लेखमा नेपालमा राज्य विहीनताको संख्या बढ्दै गएको तथ्य प्रस्तुत गर्दै राज्य विहीन हुँदा उनीहरूले भोग्ने विविध समस्या र अहिले भइरहेको संघर्ष समेतलाई समेट्ने प्रयास गरिएको छ । एक नागरिकता विहीन व्यक्तिको रूपमा यहाँ मैले आफ्नो भोगाइ र अनुभवलाई मुख्य रूपले समेटेको छु ।[२] नागरिकता सम्बन्धमा मेरो बुझाइ, नागरिकताको प्रमाणपत्रको महत्त्व, नागरिकता प्रमाणपत्र नहुँदाका मेरा पीडा, त्यो प्राप्त गर्न निरन्तर रूपमा

---

मा भनिएको थियो, “संवत् २०४६ साल चैत्र मसान्तसम्म नेपाल सरहदभित्र जन्म भई नेपालमा स्थायी रूपले बसोबास गर्दैआएको व्यक्तिले प्रचलित कानून बमोजिम जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ ।” सोही बमोजिम नेपाल नागरिकता ऐन, २०६३ ले कानूनी व्यवस्था गरेको थियो । र, कानून बमोजिम जन्मसिद्ध नागरिकता वितरण पनि गरियो । तर, जन्मका आधारमा नागरिकता प्राप्त गरेका व्यक्तिका सन्तानले चाहिँ कस्तो नागरिकता पाउने भन्नेबारे संविधान र कानून दुवै मौन रहेको थियो । २०७२ सालमा जारी भएको नेपालको संविधानले सोही कुरालाई संबोधन गर्दै माथि भनिए बमोजिम वंशजको नागरिकता दिइने बतायो । तर, त्यस अनुसार नेपाल नागरिकता ऐन, २०६३ मा संशोधन नहुँदा जन्मसिद्ध नागरिकता लिएका बाबुआमाका सन्तानलाई नागरिकता दिने सम्बन्धमा कानूनी जटिलता देखापरेको हो ।

[२] यो लेखलाई अन्तिम रूप दिँदादिँदै सर्वोच्च अदालतको सेप्टेम्बर १५, २०२२ को आदेश अनुसार जनवरी २९, २०२३ मा मैले जिल्ला प्रशासन कार्यालय, धनुषाबाट नागरिकता पाएँ ।

मैले गरेको कानूनी संघर्षलाई यसमा समावेश गरेको छु । त्यसै गरी, अरू राज्य विहीन व्यक्तिहरूको भोगाइ र उनीहरूको संघर्षलाई समेत लेखमा समेट्ने प्रयास गरिएको छ । यो लेखका लागि आवश्यक विवरण संकलन गर्ने क्रममा विभिन्न सरकारी तथा गैरसरकारी संस्थाबाट प्रकाशित प्रतिवेदनहरूलाई आधार मानिएको छ । नागरिकता विहीन (अ)नागरिक तथा सम्बन्धित सरोकारवालासँग पनि कुराकानी गरिएको छ ।

## नागरिकता नहुँदाका पीडा र प्राप्तिका लागि गरिएका पहल

### *आफ्नै कथा*

म गुरुशरण महतो र दिपोदेवी महतोको जेठो सन्तान हुँ । हाम्रो परिवारमा जम्मा पाँचजना सदस्य छौँ । बाबुआमा बाहेक मसँग भाइ अंकितकुमार र बहिनी रचनाकुमारी छन् । हामी न्यून आयस्रोत भएको परिवार हौँ । मेरो जन्म जेठ १३, २०५५ मा भएको हो । वि.सं. २०६० मा श्री विनायक उच्च मावि धनुषाको नर्सरी कक्षाबाट मेरो पठनपाठन शुरू भयो । चरम गरिबीका बावजुद शिक्षाप्रति विशेष लगाव भएकोले बुबाआमाले मलाई निजी विद्यालयमा भर्ना गरिदिए । वि.सं. २०७१ मा सोही विद्यालयबाट प्रथम श्रेणीमा एसएलसी परीक्षा उत्तीर्ण गरेँ । एसएलसी पश्चात् प्राविधिक सेवा पढ्ने ठूलो रहर थियो ।

प्राविधिक शिक्षा पढ्न मलाई आर्थिकभन्दा पनि कानूनी अड्चन आउने देखियो । नागरिकता प्रमाणपत्र (यसपछि नागरिकता मात्र) नहुँदा मैले प्राविधिक शिक्षा लिन नपाउने हुँ कि भन्ने डर भयो । यसअघि नागरिकता किन चाहिन्छ, नागरिकता नभए के हुन्छ, नागरिकता बनाउन के-के गर्नुपर्छ भन्नेबारे म अविज्ञ थिएँ । प्राविधिक विषय पढ्न नागरिकता चाहिन्छ भन्ने कुरा मैले शिक्षकबाट थाहा पाएपछि नागरिकता बनाउन नेपालको नागिरकता नियमावली, २०६३ को अनुसूची १ अनुसारको फाराम भरी तत्कालीन गाविस कार्यालयमा गएँ । तत्कालीन वडा सचिवले अहिले नागरिकता बनाउन मिल्दैन, जन्मसिद्ध नागरिकता भएका नागरिकका सन्तानलाई नागरिकता बनाउन रोक लागेको छ भन्ने जानकारी दिए । त्यसपछि म झसंग भएँ । अब के गर्ने होला भनी मलाई चिन्ता लाग्न थाल्यो । मैले गाउँका भद्र-भलाद्मी, कानून व्यवसायी तथा शिक्षकसँग आफ्नो समस्या राख्न थालेँ । उहाँहरूको सल्लाह सुझाव अनुसार म फाराम र आवश्यक सम्पूर्ण कागजात सहित जिल्ला प्रशासन कार्यालय गएँ । त्यहाँ नागरिकता फाँटको लाइनमा बसेँ र आफ्नो पालो पर्खिरहेँ । मेरो पालो आएपछि सम्पूर्ण कागजात सहितको फाराम कर्मचारीलाई दिएँ । कागजात हेर्ने ती कर्मचारीले हप्काउँदै भने, “थाहा छैन अहिले नागरिकता बन्दैन भनेर ? किन आएको हो ? खुरुक्क गइहाल्नुस् ।” उनले कागजात फाले जसरी मलाई हातमा दिए ।

म निराश भएर घर फर्किएँ । त्यसपछि म आफ्नै दिनचर्यामा लागेँ । अब नागरिकता बन्दैन भनेर विश्वस्त भएँ । नागरिकता बन्दैन भन्ने थाहा पाएपछि त्यही विद्यालयको शिक्षा संकायमा कक्षा ११ मा भर्ना गरेँ । तैपनि नागरिकता बनाउने अठोट भने छोडिनँ ।

यसै क्रममा आमाको नामबाट नागरिकता बनाउने प्रक्रिया बुझ्न महिला अधिकारकर्मीको सम्पर्कमा गएँ । महिला अधिकारकर्मीहरू महिला अधिकारको मुद्दामा संवेदनशील हुन्छन् भन्ने बुझेकोले बुबाका नामबाट नागरिकता बनाउन नसकेपछि आमाका नामबाट नागरिकता बनाउन पाइन्छ कि भन्ने आशाले सहयोगका लागि उनीहरू समक्ष पुगेको थिएँ । सबै कुरा बेलिविस्तार लगाएपछि उनीहरूले पनि जिल्ला प्रशासनले नागरिकता नदिएकोमा अचम्म माने । र, नागरिकता दिनैपर्ने हो भनी जिकिर गरे । उनीहरूसँगै एक पटक म जिल्ला प्रशासन कार्यालय पुगेँ । प्रमुख जिल्ला अधिकारी (प्रजिअ) को कार्यकक्षमा नागरिकता नपाएको कुरा सबैसामु बेलिविस्तार लगाएँ । सबै कुरा सुनेर प्रजिअले भने, "म तपाईंको समस्या बुझ्छु, तर नागरिकता बनाउन मिल्दैन । अहिले जन्मसिद्ध नागरिकतामा रोक लागेको छ ।" त्यसो भनेपछि मैले आमाको नामबाट नागरिकता लिने विकल्पबारे सोधेँ । तर, प्रजिअले बुबा हुँदाहुदै आमाको नामबाट नागरिकता बनाउन नमिल्ने बताए । त्यसपछि मैले के नागरिकता पाउँदिन त भनेर सोध्दा, "पाइन्छ, तर जुन दिन संशोधित नागरिकता विधेयक संसद्बाट पारित भएर कानून बन्छ, त्यसपछि मात्रै" भने । म पुनः निराश भएर घर फर्कें ।

मेरो चिन्ता बढ्दै गयो । नागरिकता साँच्चै नबन्ने हो कि ? अब के गर्दा हुन्छ होला ? कसलाई भन्नु आफ्नो समस्याको बारेमा जस्ता कुराहरू मनमा खेल्न थाले । वि.सं. २०७४ मा आईएड पनि प्रथम श्रेणीमा उत्तीर्ण गरेँ । त्यसपछि आगामी पढाइको लागि नागरिकता खोजिन्छ कि भन्ने चिन्ता लाग्न थाल्यो । नतिजा आउनासाथ यज्ञभूमि बहुमुखी क्याम्पसमा गएर क्याम्पस प्रमुखलाई भेटेँ । मैले उनलाई आफ्नो समस्या बताएँ । स्नातक पढ्न नागरिकता नचाहिने कुरा उनले गरेपछि आनन्दको सास फेरेँ । कम्तिमा स्नातक पढ्न त पाइयो भनेर ।

स्नातक पढाइका लागि सम्पूर्ण प्रकिया पूरा गरेर वि.सं. २०७४ मै यज्ञभूमि बहुमुखी क्याम्पसको शिक्षा संकायमा भर्ना गरेँ । र, कक्षामा नियमित उपस्थित भई पढ्न थालेँ । शिक्षकसँग हिमचिम बढ्दै गयो । त्यसै बेला मैले *देवताल* दैनिकमा जन्मसिद्धका सन्तानले अदालतको आदेशद्वारा नागरिकता पाए भन्ने समाचार पढेँ । यो समाचारले ममा आशा जगायो । यो कुराबारे मैले क्याम्पसका शिक्षक र अन्य व्यक्तिसँग पनि छलफल गरेँ । मलाई पनि अदालत जाने इच्छा भयो । यज्ञभूमि क्याम्पसकै एकजना शिक्षकले कानून विषय पढेका रहेछन् । उनले मलाई सबै प्रकिया बताइदिए र नागरिकता बन्छ भन्ने उनको विश्वास पनि व्यक्त गरे ।

अब पैसाको समस्या पऱ्यो । अदालत जान पनि पैसा लाग्ने भन्ने थाहा पाएपछि मैले फेरि उनै शिक्षकलाई समस्या सुनाएँ । उनले अदालतमा वैतनिक वकिल हुने र उनले

निःशुल्क मुद्दा हेरिदिने बताए। त्यसपछि उनले भने अनुसार म अदालत गएँ। अदालतको सूचनापाटीमा गरिब, असहायको लागि निःशुल्क कानूनी सहायता केन्द्र भनेर पर्चा टाँसेको रहेछ । त्यहाँ वकिलको नाम र फोन नम्बर पनि लेखिएको थियो । मैले त्यही सम्पर्क नम्बरमा फोन गरी वकिलसँग भेट्ने समय मिलाएँ। केही दिन पश्चात् हाम्रो भेटघाट भयो। मैले बुबाको जन्मसिद्ध नागरिकता भएको कारण आफूले नागरिकता नपाएको बताएँ। उनले मलाई आवश्यक कागजात सहित आउन भने । मैले पनि सोही अनुसार गरेँ ।


नागरिकता नपाएर छट्पटाइरहेको अवस्थामा केही व्यक्तिहरूले मधेश प्रदेशको मुख्य न्यायाधिवक्तालाई पनि भेट्ने सुझाव समेत दिए । म सम्पूर्ण कागजात सहित तत्कालीन मुख्य न्यायाधिवक्तालाई भेट्न गएँ। उनले नागरिकता दिलाउने, त्यसको कानूनी लडाइँको निम्ति निःशुल्क कानूनी सहायता दिने वाचा दिए। साथै, वकिलले भने बमोजिम प्रकिया पूरा गर्न अनुरोध गरे। जुन वकिललाई भेट्न लागिरहेको थिएँ, मुख्य न्यायाधिवक्ताले पनि त्यही वकिललाई भेटन सल्लाह दिए।

अदालतमा मुद्दा दायर गरेर नागरिकता बनाउन सकिन्छ भन्ने *देवताल* दैनिकमा समाचार पढेपछि मैले मधेश प्रदेशको मुख्य न्यायाधिवक्ताको कार्यालय, जनकपुरको सहयोगमा उच्च अदालतमा मुद्दा दर्ता गरेँ। उक्त मुद्दामा उच्च अदालतले नागरिकता प्रदान गर्न परमादेश जारी गऱ्यो (हेर्नुहोस्, तस्बिर १) ।

उच्च अदालतको फैसला र आवश्यक सम्पूर्ण कागजात सहित मिथिला नगरपालिका वडा नं. ७ को कार्यालयमा सिफारिसका लागि जाँदा सहजै सिफारिस गरिदिए। त्यही सिफारिस, उच्च अदालतको फैसला र सम्पूर्ण कागजात सहित फेरि जिल्ला प्रशासन कार्यालय, धनुषामा नागरिकताका लागि गएँ। कैयौँ पटक धाउँदा पनि जिल्ला प्रशासन कार्यालय, धनुषाले चाहिँ उच्च अदालतको आदेश भए पनि नागरिकता दिन नमिल्ने, भनी जानकारी पत्र दियो (हेर्नुहोस्, तस्बिर २) । र, सर्वोच्च अदालतको फैसला ल्याएमा बनाइदिनसक्ने जानकारी उनीहरूले मौखिक रूपमा दिए। यसले मेरो निराशा झन् बढ्दै गयो।

सबैको सल्लाहले म फेरि मुख्य न्यायाधिवक्तालाई भेट्न गएँ। उनले सल्लाह गरेर जानकारी गराउने बताए। वकिलले पनि न्यायाधिवक्तासँग सल्लाह गरेर खबर गर्ने जानकारी दिए। अन्तमा वकिलले हामीले जति गर्न सक्यौँ गऱ्यौँ, अब थप गर्न सकिएन भने। मुख्य न्यायाधिवक्ताले पनि हुन्छ-हुन्छ भने पनि केही भएन।

यस बीचमा मैले नागरिकता नहुँदा बैंक खाता खोल्न पनि पाएको थिइनँ। त्यसैले, वि.सं. २०७८ मा बेयरफुट लयर्स नेपालको सहयोगमा मैले सर्वोच्च अदालतमा मुद्दा दर्ता गरेँ। उक्त रिटमा बैंक खाता खोल्न नपाएको लगायतका समस्या समेत उल्लेख गरी नागरिकता पाऊँ भनी मागदाबी गरेको थिएँ। सर्वोच्चले "निवेदकका बाबु र आमा नेपाली नागरिक भएको देखिएकाले निज निवेदकको परिचय खुल्ने अन्य कागजातहरू पेस गरेमा नागिरकताको



*तस्बिर १ : उच्च अदालतले नागरिकता प्रदान गर्न गरेको परमादेशको अंश ।*

कारणबाट मात्र खाता खोल्न नरोकी बैंक खाता खोल्न दिनू" भनी अन्तरिम आदेश जारी गरिदियो ।[३] सोही अन्तरिम आदेशको आधारमा राष्ट्रिय वाणिज्य बैंक बर्दिवास शाखामा बैंक खाता खोलेँ । आन्तरिक राजश्व विभाग बर्दिवास शाखाबाट स्थायी लेखा नम्बर (प्यान कार्ड) पनि लिएँ । र, धनुषा जिल्ला अदालतबाट लिइने लेखापढी व्यवसायीको प्रमाणपत्र प्राप्त गरेँ । अहिले शिक्षक सेवा आयोगबाट निम्न माध्यमिक तहको अध्यापन अनुमतिपत्र परीक्षा उत्तीर्ण गरिसकेको छु । यसरी अन्तरिम आदेशको सहाराले मैले यस्ता

[३] हेर्नुहोस् ०७८–WO-०५३४ को मुद्दामा सर्वोच्च अदालतले गरेको अन्तरिम आदेश ।

सुविधा प्राप्त गर्न सकैँ । मैले मात्र होइन धनुषा जिल्ला मिथिला नगरपालिका वडा नं. ५ का मिथलेशकुमार महतो पनि सर्वोच्च अदालतकै अन्तरिम आदेशका आधारमा लोकसेवा आयोगबाट गरिएको विज्ञापनमा आवेदन फाराम भरी परीक्षामा सामेल भइसकेका छन् ।[४] सर्वोच्च अदालतकै अन्तरिम आदेश अनुसार जुही झा, अमरेन्द्र नारायण महतो, नरेश राउतले विभिन्न बैंकमा खाता खोलिसकेका छन् भने सोही अनुसार नै कृष्णकुमार रायले आफ्नो छोराको जन्मदर्ता समेत बनाइसकेका छन् । यसरी नागरिकता विहीन भएका धेरै मानिसका कथा पनि मेरोजस्तै छन् ।


जिल्ला प्रशासन कार्यालय, धनुषा

जनकपुरधाम

विषय- जानकारी सम्बन्धमा ।

*तस्बिर २ : उच्च अदालतको आदेश भए पनि नागरिकता दिन नमिल्ने भनी जिल्ला प्रशासन धनुषाले दिएको जानकारी पत्र ।*

[४] धनुषाका मिथलेशकुमार महतोसँग असार २५, २०७८ मा गरिएको कुराकानी ।

## *जुही कुमारी झाको कथा*

जनकपुरधाम उप-महानगरपालिका वडा नं. ४ बस्ने वर्ष २५ की जुही झा अहिले स्नातकोत्तर तहमा पढ्दैछन् । उनका बुबा उमाशंकर झाले जन्मको आधारमा र आमा नितु झाले वंशजको आधारमा नागरिकता प्राप्त गरेका हुन् । त्यही कारण जुहीले आफ्नो नागरिकता बनाउन सकेकी छैनन् । नागरिकता नभएर उनले न रोजगारी पाएकी छिन्, न कुनै किसिमले आत्मनिर्भर बन्न सकेकी छन् । उनले नागरिकता बनाउन पहल नगरेकी होइनन् । पटक-पटक जिल्ला प्रशासन कार्यालय धाउँदा-धाउँदा नागरिकता बन्ने सम्भावना नदेखेपछि उच्च अदालत जनकपुरमा २०७६ सालमा नागरिकता पाऊँ भनी मुद्दा दायर गरेकोमा परमादेश जारी भयो । परमादेशपछि उनी नागरिकता पाउने आशाले अदालतको फैसला, बुबाआमाको नागरिकताको प्रतिलिपि, विद्यालयका प्रमाणपत्र तथा आवश्यक सम्पूर्ण कागजात लिएर फेरि जिल्ला प्रशासन कार्यालय गइन् । तर, निराश भएर फर्किनुपर्‍यो ।[५] नागरिकता बनेन ।

विभिन्न उच्च अदालतले नागरिकताको प्रमाणपत्र दिनु भनी सयौँ मुद्दामा परमादेशको आदेश जारी गरिसकेका छन् ।[६] तर पीडितहरूले अदालतबाट फैसला (कागज) पाए पनि न्याय पाएका छैनन् । अनागरिकको दर्जामा बाँचिरहेका छन् ।

उच्च अदालतको फैसलाले प्रमुख जिल्ला अधिकारीले नागरिकता नदिने भएपछि जुही झाले बेयरफुट लयर्स नेपालको कानूनी सहयोगमा सर्वोच्च अदालतमा पुनः उत्प्रेषण परमादेशको मुद्दा (पीआईएल) दर्ता गरिन् । उक्त पीआईएलमा सुनुवाइ गर्दै सर्वोच्च अदालतले अन्तरिम आदेश पनि जारी गर्‍यो ।[७]

त्यही आदेशअनुसार उनले शिक्षक सेवा आयोगद्वारा लिइने माध्यमिक र निम्न माध्यमिक तहको अध्यापन अनुमति पत्रको लागि आवेदन दिएकी छन् भने परीक्षामा समावेश हुन प्रवेशपत्र प्राप्त गरी माध्यमिक तहको परीक्षामा सहभागी हुन सफल भएकी छन् । उनी अहिले पहिलेको भन्दा खुसी र आत्मविश्वासी देखिएकी छन् । आफ्नो अनुभव सुनाउँदै उनी भन्छिन् :

> उच्च अदालतको फैसलाबाट नागरिकता नपाएपछि म धेरै निराश भएकी थिएँ । के गरुँ, के गरुँ भनेर साह्रै चिन्तित थिएँ । एक जना साथीले सर्वोच्च अदालतमा

[५] जुही कुमारी झासँग चैत २७, २०७८ मा गरिएको कुराकानी ।

[६] सर्वोच्च अदालतमा दायर ०७८–wo–०६५० को अनुसूचीमा समावेश भएको मुद्दाका विवरणको आधारमा ।

[७] सर्वोच्च अदालतले उच्च अदालतको आदेश बमोजिम नागरिकता प्रदान नगर्नुको जवाफ माग्यो । हेर्नुहोस, https://barefootlawyers.org.np/sarvochcha-adalatbata-anterim-adesh-jari/

मुद्दा दर्ता गर्ने सल्लाह दिए । र, मलाई बेयरफुट लयर्स नेपाल नामको संस्थासँग परिचय गराइदिए । त्यही संस्थाले गरेको कानूनी सहयोगका कारण मैले आज अध्यापन अनुमतिपत्रको परीक्षामा सहभागी हुन पाएँ । म धेरै नै खुशी छु । यो संस्थाको सहयोग नभएको भए बैंक खाता खोल्न समेत पाउदिनथेँ । आज मलाई केही गर्न सक्छु भन्ने आँट आएको छ । अन्तिम फैसला भएपछि मेरो नागरिकता पनि बन्ने नै छ भन्नेमा अब म पूर्ण विश्वस्त छु ।[८]

### *इन्द्रजित साफीको कथा*

धनुषाको सिमरापट्टि गाउँबाट कमाइको सिलसिलामा गणेशमान चारनाथ नगरपालिकामा आएका बिल्टु साफी र मरनी धोवी साफीका पालामा त्यहाँ जमिनदारी प्रथा थियो । एक जमिनदारले सयौँ बिघा जमिन जोतकोर गर्थे र हजारौँ जनालाई काममा लगाउँथे । बिल्टु र मरनीलाई नागरिकताको खासै सरोकार पर्दैनथ्यो । त्यसकारण उनीहरूले नागरिकता बनाएनन् । जब उनका छोराछोरी ठूला हुँदै गए, उनीहरूलाई वैदेशिक रोजगारीमा जाने मन भयो । तर, उनीहरूसँग नागरिकता थिएन । छोराहरूको नागरिकता बनाइदिनुभन्दा पहिला बिल्टु दम्पत्तिकै नागरिकता बनाउनुपर्ने भयो । बिल्टुले नागरिकता बनाउन कोसिस गरे । तर, उनका बुबाको नै नागरिकता थिएन ।[९]

बिल्टुले आफ्नो जन्म गाउँ सिसरमपट्टि पुगी प्रमाण लिएर आए । उनको गाउँदेखि जनकपुर जिल्ला प्रशासन कार्यालय ३० किलोमिटर (कि.मि.) टाढा छ । बिल्टु वर्षौंसम्म पटक-पटक कार्यालय जाँदा यो प्रमाण मिलेन, त्यो मिलेन भनेपछि दौडधुप गर्नुपर्‍यो । तर पनि उनले नागरिकता प्राप्त गर्न सकेनन् । आवत-जावत गर्दा जिल्ला प्रशासन कार्यालयमा धेरै पैसा पनि खर्च भयो तर पनि नागरिकता प्राप्त गर्न सकेनन् । अन्तिममा गएर बिल्टुले हरेस खाएर छोडिदिए । दिन प्रतिदिन बिल्टुको परिवार गरिबीको रेखामुनि गयो । त्यसपछि २०६३ सालमा नागरिकता बनाइदिने टोली गाउँमा आयो, त्यस बेला बिल्टु दम्पतीले जन्मको आधारमा नागरिकता पाए । त्यसपछि उनको छोराले पनि नागरिकताको लागि निवेदन दिए । उनलाई पनि जन्मकै आधारमा नागरिकता दिइयो । कानून अनुसार उनलाई वंशजको आधारमा नागरिकता दिनुपर्थ्यो तैपनि नागरिकता पाउनु नै ठूलो कुरा ठानेर त्यसमा नाइँनास्ती गरेनन् ।

बिल्टुका नाती इन्द्रजित साफीले विज्ञान विषयमा उच्च माध्यमिक तह उत्तीर्ण गरे । जब उच्च शिक्षा पढ्न नागरिकताको आवश्यकता पर्‍यो, तब पहिलो पटक २०७२ सालमा आफ्नो गाउँबाट सिफारिस लिई जिल्ला प्रशासन कार्यालय जनकपुर पुगे । त्यहाँ जाँदा जिल्ला

[८] जुही कुमारी झासँग चैत २७, २०७८ मा गरिएको कुराकानी ।

[९] बिल्टुका नाति इन्द्रजित साफीसँग कात्तिक १५, २०७८ मा गरिएको कुराकानी ।

प्रशासन प्रमुखले जन्मको आधारमा नागरिकता प्राप्त गरेको मानिसको सन्तानलाई अहिले नागरिकता दिन मिल्दैन भने । किन भनेर सोध्दा कानून बनेको छैन, भनेर जवाफ फर्काए । कानून कहिले बन्छ भनी सोध्दा छ महिनापछि आउनू भने । छ महिनापछि इन्द्रजित जिल्ला प्रशासन कार्यालय जनकपुर पुगे । प्रशासकले फेरि त्यही वाक्य दाहोऱ्याए । हुँदा-हुँदा दश पटकभन्दा पनि बढी धाए, तर पनि नागरिकता बनेन । नागरिकता नहुँदा इन्द्रजितले कुनै पनि कलेजमा उच्च शिक्षा पढ्नलाई आवेदन फाराम भर्न पाएनन् ।

इन्जिनियरिङ पढ्नलाई भारतको हरियाणा गई कुरुक्षेत्र विश्वविद्यालयमा १२ कक्षा पढेको प्रमाणपत्रका आधारमा भर्ना भई सन् २०१५ देखि पढ्न थाले । त्यहाँ पढ्दा उनले धेरै किसिमका समस्या भोग्नुपर्थ्यो । जस्तै, घरबाट पैसा पठाउँदा अरूको नामबाट पठाउनुपर्थ्यो । सधैँ अरूको नामबाट रेल टिकट कटाएर आउजाउ गर्नुपर्थ्यो । उनी कलेज जाँदा दुई पटक दिल्लीमा समातिएका थिए । जहाँ प्रशासनले नराम्रोसँग दमन गरेको थियो । त्यो बेला कलेजका प्रमाणपत्र देखाएपछि छाडिएको थियो । जसरी-तसरी उनले स्नातक तह पूरा गरे । त्यसपछि सन् २०१९ मा उनी स्थानीय तहको सिफारिस लिएर जिल्ला प्रशासन कार्यालय, धनुषा पुगे । र, फेरि पनि त्यही जवाफ सुन्नुपऱ्यो "कानून बनेको छैन, अहिले नागरिकता बनाउन मिल्दैन" ।

इन्द्रजित पढाइ सकेर इन्जिनियर भइसकेका थिए । धेरै निर्माण कम्पनीमा जागिरको लागि आवेदन दिएर पास पनि भए । तर, कामको क्रममा पनि उनलाई सास्ती खेप्नुपऱ्यो । मोटरसाइकलको अनुमतिपत्र नहुँदा कति ठाउँमा काम पाएनन् । नोकरीबाट वञ्चित भए । उनकी बहिनीले पनि स्नातक तह उत्तीर्ण गरेकी छन् । उनलाई एशोसिएशन अफ सेन्ट मेरीज अल्मुनाइ, नेपाल (आसमान) नामक संस्थामा नोकरी मिलेको थियो । तर, बैंक खाता नहुँदा नोकरी गर्नबाट उनी वञ्चित भइन् । इन्द्रजितको एउटा भाइले लागु पदार्थ सेवनमा लागेर आफ्नो जीवन नै बर्बाद गरे । त्यसै गरी, उनका अरू दुई जना भाइहरू १२ कक्षा पढेर पनि ज्याला मजदुरीको काम गर्न बाध्य छन् । इन्द्रजितले पढाइको लागि लिएको पैसा पनि समयमा तिर्न सकेनन् । उनी भन्छन्, "अहिले आएर मेरो घर-जग्गा पनि लिलामीको प्रक्रियामा लागेको छ ।" यसरी दिन प्रतिदिन उनको परिवार गरिबीको रेखामुनि रहनुमा नागरिकताको कारण पनि जोडिएको छ ।

नागरिकताकै लागि उनले महिला कानून र विकास मञ्च (एफडब्ल्यूएलडी) को कानूनी सहयोगमा सर्वोच्च अदालतमा २०७६ सालमा मुद्दा दर्ता गराए । सर्वोच्च अदालतमा मुद्दा दर्ता गरेको तीन वर्ष वितिसक्दा अहिलेसम्म पनि केही उपलब्धि भएको छैन ।[१०] उनी

[१०] सर्वोच्च अदालतमा दायर मुद्दा नं. ०७६-wo-०२२२ ।

थप्छन्, "दिन प्रतिदिन निराशा बढ्दैछ । जिम्मेबारी बढ्दैछ तर पनि लाचार भएर बस्नुपर्ने बाध्यता छ । के गर्नु, के नगर्नु जीवन कष्टकर तरिकाले कटिरहेको छ ।"[११]

### *कासिम अन्सारीको कथा*

नवलपरासी जिल्लाको सुस्ता गाउँपालिकाका कासिम अन्सारीका तीन पुर्खासँग नेपाली नागरिकताको प्रमाणपत्र छ । यसभन्दा पहिलादेखि नै उनका पुर्खाहरू सुस्तामा बसोबास गर्दैआएका हुन् । उनका जिजुबुबाले नेपाली अंगीकृत नागरिकता लिएका थिए । उनको हजुरबुबालाई जन्मसिद्धको नेपाली नागरिकता दिनुपर्छ भनी २०४६ सालभन्दा पहिला सिफारिस गरेको कागजात हुँदाहुँदै पनि उनले नागरिकता पाएनन् । प्रमाणित कागजात लिएर नागरिकता बनाउने कोसिस गरिरहँदा पनि बनेन । बाध्य भएर त्यही कागजातको साथ २०६३ सालमा नागरिकता बनाउन जाँदा त्यो कागजात नहेरिकन जन्मको आधार (जन्मसिद्ध) मा नेपाली नागरिकता हातमा थमाइयो । २०६४ सालमा कासिमको बुबाले नागरिकता बनाउन जाँदा आवश्यक कागजातको साथमा जिल्ला प्रशासनले पनि उनलाई जन्मको आधारमा नेपाली नागरिकता दियो ।[१२]

कासिम आफ्नो जन्मदर्ता, दश कक्षा पास गरेको विद्यालयको प्रमाणपत्र र आमा बुबाको नेपाली नागरिकताको फोटोकपी लिएर उनका साथीसँग सिफारिसको लागि वडा कार्यालय गए । उनका साथीले पनि उही प्रकारका कागजात लिएर गएका थिए । साथीलाई वडाले सिफारिस दियो, तर उनलाई दिएन । कासिमका बुबाको नागरिकताको किसिम जन्मको आधारमा भएकोले, आदेश आएको छैन भन्दै वडाले सिफारिस दिन मानेन । चाँडै समय आउँछ भने पनि कासिमको नागरिकता बन्न सकेन । त्यसैले, साथीहरूले आफ्नो नामबाट फोनको सिमकार्ड निकाल्दा उनी भने त्यसबाट समेत वञ्चित थिए ।

नागरिकता नभएको कारणले उनले न त कुनै पनि छात्रवृत्तिमा आवेदन दिन पाए न आफूले पढ्न चाहेको इन्जिनियरिङ विषयमा उच्च शिक्षाका लागि प्रवेश परीक्षा दिन सके । वडा कार्यालयले सिफारिस नदिएको केही महिनापछि उनी वडामा पुगे र के भयो भनी सम्बन्धित निकायमा सोधे । वडाले फेरि पहिलाकै जवाफ फर्कायो र आफ्नो हातमा केही अधिकार नभएको भन्दै उनलाई गाउँपालिकामा जान सुझाव दियो । गाउँपालिकामा केही होला कि भन्ने आशाले पुगे । जिल्ला प्रशाशनबाट कुनै आदेश आएको छैन भन्दै त्यहाँबाट पनि उनलाई त्यसै फर्काइयो । यस्तो समस्या धेरै मानिसहरूका थिए । वडा, पालिकामा दिनहुँ यस्तो समस्या आउने हुनाले यो समस्या चाँडै नै समाधान हुने भन्दै कर्मचारीहरूले आश्वासन पनि दिइरहेका हुन्थे ।

[११] साफीसँग कात्तिक १५, २०७८ मा गरिएको कुराकानी ।

[१२] कासिम अन्सारीसँग वैशाख २२, २०७९ मा गरिएको कुराकानी ।

यसरी कासिम पटक-पटक वडा, गाउँपालिका, जिल्ला प्रशासन कार्यालय धाइरहे तर उनी हरेक पटक उही जवाफ पाएर निराश हुँदै फर्कन्थे । नागरिकता नभएको कारणले गाँस-बास-कपास, शिक्षा-स्वास्थ्य-रोजगारी लगायतका सेवा-सुविधा र अवसर गुमाउँदै गए । चुप लागेर पनि नपाउने देखिएपछि सम्पूर्ण नागरिकता पीडितहरू नवलपरासी जिल्लाबाट जिल्ला प्रशासन कार्यालय पुगे । यसरी जानुअघि गाउँका समाजसेवी तथा राजनीतिज्ञ समसाद अन्सारीको सल्लाह अनुसार नागरिकता विहीन नेपाली नागरिक संघर्ष समिति, नेपाल भन्ने एक अनागरिक समूह पनि बनाए । त्यसपछि अन्सारीकै सल्लाहमा त्यो अनागरिक समूहले सम्बन्धित सरोकारवालालाई ज्ञापनपत्र बुझाउने, धर्ना बस्ने तथा सडक संघर्ष गर्दै आइरहेका छन् । कुनै विकल्प नभेटेपछि उनले पनि सर्वोच्च अदालतमा मुद्दा दायर गरेका छन् ।

## *जुलीकुमारी सिंह र मिथलेशकुमार महतोको कथा*

नवलपरासी सुस्ताकी जुलीकुमारी सिंह स्नातक तहमा पढ्दैछिन् । तर, नागरिकता नभएकोले उनले सरकारी आधारभूत सेवा-सुविधादेखि रोजगारी समेत पाउन सकेकी छैनन् । दश कक्षा उत्तीर्ण गरेपछि उनको इच्छा नर्स पढ्ने थियो । तर, भर्ना हुन जाँदा नागरिकता मागेकाले पढ्न पाइनन् । नागरिकता बनाउन सिफारिस लिन गाउँपालिकामा जाँदा बुबाको जन्मको आधारमा नागरिकता भएको कारण गाउँपालिकाले सिफारिस दिएन । सिफारिस नदिए पनि उनी जिल्ला प्रशासन कार्यालय गइन् । त्यहाँबाट पनि उनले नागरिकता पाइनन् । आफ्नो पढाइलाई निरन्तरता दिइरहिन् । शिक्षा विषय लिएर १२ कक्षा पास पनि गरिन् । तर, नागरिकता नभएको कारणले शिक्षक सेवा आयोगबाट लिइने अध्यापन अनुमतिपत्रको परीक्षामा सहभागी हुन पाइनन् । सँगै पढेका साथीले शिक्षण अनुमतिपत्र प्राप्त गरे पनि उनी यसबाट वञ्चित हुनुपर्‍यो । आफूले रोजेको प्राविधिक विषय पढ्न नपाए पनि अन्य विषयको पढाइ लेखाइलाई भने उनले निरन्तरता दिएकी छन् । उनी भन्छिन्, “आशा गर्दछु कि नेपाल सरकारले छिट्टै नागरिकता वितरण गरोस् । नेपाल सरकारलाई हामी गरिबका छोराछोरीहरूले के बिगारेका छौँ र ?”[१३]

धनुषाको मिथिला नगरपालिकाका मिथलेशकुमार महतो पनि नागिरकता विहीन हुन् । वि.सं. २०५६ मा जन्मेका उनका बुबाआमाको क्रमशः जन्मसिद्ध र वंशजको नागरिकता छ । जेठो दाइको पनि वशंजको नागरिकता छ । उनी भने २२ वर्ष पुगे पनि नागरिकता बन्न सकेको छैन । बुबाको जन्मसिद्ध नागरिकताको कारण उनलाई पनि प्रशासनले गोलचक्करमा घुमाइरहेको छ ।[१४]

[१३] जुलीकुमारी सिंहसँग जेठ २७, २०७९ मा गरिएको कुराकानी ।

[१४] मिथलेशकुमार महतोसँग वैशाख ५, २०७९ मा गरिएको कुराकानी ।

बुबाले ३१ वर्षको उमेर (वि.सं. २०६३) मा मात्र जन्मसिद्ध नागरिकता पाएको कारण विभिन्न रोजगारीका अवसर गुमाए । वैदेशिक रोजगारमा पनि समयमै जान सकेनन् । फलस्वरूप उनको आर्थिक अवस्था दयनीय छ । मिथिलेशले वि.सं. २०७४ मा श्री जनता माध्यमिक विद्यालय, नक्टाझिजबाट कक्षा १० को परीक्षा दिएपछि नागरिकताको लागि पहल गरे । तर, कुनै ऐन-कानून बनेको छैन भन्दै अरूलाई झैँ उनलाई पनि नागरिकता दिन अस्वीकार गरियो । जिल्ला प्रशासनले गृह मन्त्रालयबाट परिपत्र जारी भएपछि मात्र नागरिकता दिन सकिने बतायो । उनले पनि अरूले झैँ अहिलेसम्म आफनो नाममा सिमकार्ड समेत किन्न पाएका छैनन् । एसईई उतीर्ण गरिसकेपछि उनले तीन वर्षे कम्प्युटर डिप्लोमा परीक्षाको पूर्ण तयारी गरे । शैक्षिक योग्यता, सामुदायिक विद्यालयको सिफारिस लिएर उनी र उनको साथीहरू आवेदन दिन इन्स्टिच्युटमा गए । साथीहरूको आवेदन स्वीकृत हुँदा नागरिकता नभएकै कारण उनले चाहिँ आवेदन दिन नै पाएनन् ।

उनको रुचि, इच्छा, आकांक्षा प्राविधिक विषय अध्ययन गर्ने भए पनि त्यसबाट वञ्चित भए । अन्तमा केही सिप नलागेर मिथिला नगरपालिकाकै चिल्ड्रेन गार्डेन माध्यमिक विद्यालयमा व्यवस्थापन संकायमा ११ कक्षामा भर्ना भए । नागरिकता नपाएको हुनाले मिथिला नगरपालिकाबाट सञ्चालित कुनै तालिम, सेवा र सुविधा लिन पाएका छैनन् । बैंक खाता खोल्न पाएका छैनन्, जसका कारण बाहिर हिँडने क्रममा नगद बोकेर हिँडनुपर्छ । आवश्यक परेको खण्डमा अरू मान्छेको खाताबाट कारोबार गर्न बाध्य छन् । उनले सेयर बजारमा आईपीओसम्म भर्न पाएका छैनन् । नागरिकता नभएर अरू जस्तै चालक अनुमति प्रमाणपत्र, व्यापार व्यवसाय गर्न र स्वरोजगार गर्न पाइरहेका छैनन् । यसरी चारैतिरबाट वञ्चित भए पनि पढाइको सिलसिला जारी राखेका छन् । अरूले जस्तै उनले पनि कक्षा ११ पढ्ने क्रममा नै गृह मन्त्रालय, सिंहदरबार; जिल्ला प्रशासन कार्यालय, जनकपुर; मिथिला नगरपालिका वडा नं. ५ लाई समेत विपक्षी बनाई वि.सं. २०७५ मा उच्च अदालत जनकपुरमा मुद्दा दर्ता गराए । त्यसको १३ महिना पश्चात् उनको सम्पूर्ण कागजातलाई आधार बनाई उच्च अदालत जनकपुरले उनको पक्षमा फैसला गऱ्यो ।

उनलाई लाग्यो अब नागरिकता पाइने भइयो । फैसलाको भोलिपल्ट वडा कार्यालयमा नागरिकताको लागि सिफारिस लिन जाँदा सजिलै सिफरिस पनि पाए । वडा कार्यालयको सिफारिस, बुबा आमाको नागरिकताको प्रतिलिपि, उच्च अदालतको फैसला, आफ्नो जन्मदर्ता, एसईईको प्रमाणपत्र आदि कागजात लिएर जिल्ला प्रशासन कार्यालय, जनकपुर पुगे । कार्यालय प्रमुखले अदालतको फैसला, वडाको सिफारिस, शिक्षा प्रमाणपत्र हेरे मात्र नागरिकता दिनबाट फेरि इन्कार गरे । उच्च अदालतको आदेशलाई हामी मान्दैनौँ भनी फर्काए । यसरी उच्च अदालतको फैसलालाई अवहेलना गरियो । उनमा निराशा बढ्दै गयो । वि.सं. २०७६ मा उनले कक्षा १२ उत्तीर्ण गरे । त्यसपश्चात् स्नातक तहको

शिक्षा हासिल गर्ने बेलामा छात्रवृत्तिको निम्ति नागरिकता नभई नहुने भयो । बीबीएस पढ्ने क्रममा राष्ट्रिय वाणिज्य बैंकमा इन्टर्नशिप तालिम लिन जाँदा पनि नागरिकता नै खोजेकाले उनी वञ्चित भए ।

विश्वव्यापी कोरोना भाइरस महामारीको समयमा कोरोना खोप लिन समेत नागरिकता थिएन । खोप कार्ड समेत नागरिकता नहुँदा बनाउन पाइएन । साधारणतया हाम्रो देशको कानूनले १८ वर्ष पूरा गर्नेलाई भोट खसाउने अधिकार दिएको छ । तर, वैशाख ३०, २०७९ को स्थानीय तहको चुनावमा समेत उनले मताधिकार गुमाएका थिए । वि.सं. २०७८ मा उच्च अदालतको फैसलाको आधारमा सर्वोच्च अदालतमा सार्वजनिक सरोकारको मुद्दा (पीआईएल) दर्ता गराए ।[१५] पहिलो पेशीबाट पुस १४, २०७८ मा शिक्षा, रोजगार, बैंक खाता खोल्ने लगायतका विषयमा आदेश भयो । आदेशले आंशिक रूपमा सहुलियत दिए पनि सरकारी नोकरीमा प्रवेश गर्न चाहिँ नागरिकता नभई हुँदैनथ्यो । वि.सं. २०७८ को उक्त आदेशले सबै नागरिकता विहीनहरूलाई छुट्टै किसिमका हौसला पलायो तर त्यो आदेश कार्यान्वयन हुन सकेन । त्यसपछि नागरिकता संघर्ष समिति बन्यो र यसले मिथिला नगरपालिकाको ढल्केवरलाई आधार बनाई आफनो अधिकार निम्ति फरक-फरक समयमा आन्दोलन गर्दैआएको छ । अहिले उनको पारिवारिक आर्थिक अवस्थाले गर्दा काम गर्न बाध्य बनाएको छ तर नागरिकता नहुँदा काम पाइरहेका छैनन् । उनी भन्छन्, “बुबाआमालाई दुई-चार पैसाको सहायता गर्ने समयमा केही गर्न सकिएको छैन । समुदायबाट नागरिकता विहीन भनेर अपहेलित हुने अवस्थामा पुगिएको छ ।”[१६]

## नागरिकता विहीनहरूको संगठित संघर्ष

नागरिकता नपाएपछि के गर्ने भन्नेबारे कानून व्यवसायी तथा शिक्षकसँग छलफल गर्दा उनीहरूले पीडितहरू एकजुट हुनुपर्ने सल्लाह दिए । जबसम्म पीडितहरू एक हुन सकिँदैन तबसम्म हाम्रो समस्या निवारण हुन धेरै समय लाग्ने थियो । यसकारण मैले म जस्ता नागरिकता विहीनहरू एक हुनुपर्छ भन्ने अभियान चलाउने विचार गरेँ । साथीहरूसँग आफ्नो समस्या राख्न थालेँ । पीडित सबैजना एक अर्काको फोन नम्बर साटासाट गरेर सानो समूहमा भेला भई छलफल गर्न थाल्यौँ । विस्तारै हामी पीडित एकजुट हुँदैगयौँ । टोल-टोलमा भेला हुन थाल्यौँ । त्यसपछि नागरिकता नभएकाहरूले आफ्नो अधिकार सुनिश्चित गराउन नागरिकता विहीन संघर्ष समिति, नेपाल नामको समूह मधेशका प्रत्येक जिल्लामा गठन गरेका छन् । यस समितिका केन्द्रीय अध्यक्ष इन्द्रजित साफी हुन् भने केन्द्रीय सचिवमा म आफै छु । यो समितिको प्रमुख उद्देश्य नागरिकता विहीनलाई संगठित

[१५] सर्वोच्च अदालतमा दायर मुद्दा नं. ०७८–wo–०७५० ।

[१६] मिथलेशकुमार महतोसँग वैशाख ५, २०७९ मा गरिएको कुराकानी ।

गर्नु हो । सम्बन्धित सरोकारवालाले नागरिकताको समस्या देखेर पनि नदेखे झैँ र सुनेर पनि नसुने झैँ गरिरहेका हुनाले यी समितिहरूले निरन्तर रूपमा सडक संघर्ष, आन्दोलन, सम्बन्धित सरोकारवाला निकायहरूमा ज्ञापनपत्र बुझाउने जस्ता कार्यक्रमहरू स्थानीय, प्रदेश र केन्द्रीय स्तरमा गर्दैआएका छन् । तर पनि सरोकारवाला निकायहरू मौन देखिएका छन् ।

नागरिकता विहीन संघर्ष समितिले जेठ २८, २०७८ मा मधेश प्रदेशको धनुषाबाट आफ्नो संघर्षको कार्यक्रम शुरू गरेको थियो । त्यसको एकदिन अगाडि (२७ गते) सर्वोच्च अदालतले नागरिकता सम्बन्धी केपी ओली नेतृत्वको सरकारले जारी गरेको अध्यादेश कार्यान्वयन नगर्न आदेश गरेको थियो । पछि जेठ १७, २०७९ मा संघीय संसद् भवन अगाडि तत्कालीन गृहमन्त्री बालकृष्ण खाँण र सभामुख अग्निप्रसाद सापकोटालाई समितिका सदस्यले "नागरिकता विधेयक पारित गर," लेखिएको "प्लाकार्ड" देखाएका थिए । यी कार्यमा संलग्न आठ जनालाई प्रहरीले पक्राउ गरेको पनि थियो ।[१७] पक्राउ परेकालाई प्रहरीले शारीरिक र मानसिक यातना दिएका थिए ।

हाम्रो सक्रियता दिन प्रतिदिन बढ्दै गएपछि संख्या पनि बढ्दै गयो । हामीसँग अन्यन्य जिल्लाका साथीहरू पनि सम्पर्कमा आउन थाले । त्यसपछि अब देशको राजधानी केन्द्रित आन्दोलन गर्नुपर्छ भन्ने मैले प्रस्ताव गरेँ । जिल्ला प्रशासन कार्यालय, प्रदेश कार्यालयमा मात्र आन्दोलन गरेर समस्या समाधान हुँदैन भन्ने कुरा आफ्ना साथीहरूमाझ राखेँ । उनीहरूले पनि समर्थन गरे । सबैको सल्लाह अनुसार हामीले काठमाडौँको माइतीघरदेखि सांसद भवनसम्म दबाब मूलक शान्तिपूर्ण आन्दोलन तथा धर्ना कार्यक्रम पनि आयोजना गऱ्यौँ ।

यस किसिमको आन्दोलनले पनि केही प्रभाव नपरेपछि आन्दोलनको स्वरूप बदल्यौँ । हामीले संयुक्त राष्ट्रसंघ, राष्ट्रिय मानव अधिकार मञ्च, गृहमन्त्री, प्रधानमन्त्रीलाई ध्यानाकर्षण पत्र पनि बुझायौँ । यति गर्दा-गर्दै पनि अहिलेसम्म केही सिप लागेको छैन । चौतर्फी रूपमा असफल भएको महसुस भएपछि सर्वोच्च अदालतमा व्यक्तिगत निवेदन दर्ता गराएर अदालतकै निर्णयले नागरिकता पाएका व्यक्तिहरूसँग सम्पर्क गऱ्यौँ । सांसद, मन्त्री तथा सरोकारवालालाई मोबाइल सन्देश पठाएर दबाब दिन खोज्यौँ त्यसबाट पनि केही सिप लागेन ।

[१७] पक्राउ पर्नेहरूमा १) गणेशमान चारनाथ नगरपालिका वडा नं. ४, धनुषाका वर्ष २८ का इन्द्रजित साफी, २) मिथिला नगरपालिका वडा नं. ७, धनुषाका वर्ष २४ का जितेन्द्रकुमार कुशवाहा, ३) रामगोपालपुर वडा नं. १, महोत्तरीका वर्ष २५ का कलामुद्दिन खान, ४) विराटनगर उप-महानगरपालिका वडा नं. ४, मोरङका वर्ष २४ का दिपेन यादव, ५) कटहरी वडा नं. ४, मोरङका वर्ष २५ का निरज कामत, ६) नगराइन नगरपालिका वडा नं. ३, धनुषाका वर्ष २५ का रोहित ठाकुर, ७) देवताल नगरपालिका वडा नं. २, बाराका वर्ष २३ का बुलेट यादव, र ८) चन्द्रागिरि नगरपालिका वडा नं. १५, काठमाडौँका वर्ष २५ का सन्देश कार्की थिए ।

उच्च अदालतमा नागरिकता सम्बन्धी दर्ता गरेका प्रायः सबै मुद्दामा निवेदकका पक्षमा नै फैसला भएको देखिन्छ । उच्च अदालतले गरेका फैसलाहरूमा यदि निवेदकबाट नागरिकताको लागि आवेदन परेको खण्डमा कानून बमोजिम प्रक्रिया पूरा गरी नागरिकता दिनु भनी लेखिएको हुन्छ । तर, प्रमुख जिल्ला अधिकारीले नागरिकता दिन नमानेकोले नागरिकता विहीनहरू झन् समस्यामा परेका छन् । यसरी अदालतको आदेश बमोजिम नागरिकता दिनुपर्ने भए पनि नदिइएकोमा वकिलहरू पनि असन्तुष्ट छन् । नागरिकता सम्बन्धी मुद्दामा उच्च अदालत जनकपुरमा निवेदकको पक्षबाट बहस गर्ने अधिवक्ता रिंकुकुमारी यादव आफ्नो आक्रोश व्यक्त गर्दै भन्छिन् "यो त अति नै भयो ।"[१८] उच्च अदालतबाट फैसला भए अनुसार नागरिकता नपाएका नागरिकहरू पुनः सर्वोच्च अदालतमा मुद्दा लिएर जान बाध्य भएका छन् । उनीहरूले उच्च अदालतमा खर्चेको समय, पैसा अर्थहीन भएको छ । सर्वोच्च अदालतमा मुद्दा दर्ता गर्ने प्रक्रियामा बेयरफुट लयर्स नेपालले कानूनी सहयोग गर्दैआइरहेको छ ।[१९] यसले आर्थिक रूपमा विपन्न, नागरिकता विहीनका लागि निःशुल्क वा न्यूनतम शुल्कमा सहयोग गरिरहेको छ । सरकारले संसद्बाट कानून पारित नगरी दुई पटक संविधान बमोजिम नागरिकता प्रदान गर्न परिपत्र जारी गऱ्यो र एक पटक अध्यादेश समेत जारी गऱ्यो । तर, त्यसलाई अदालतले रोक्यो । सरकारले संसद्बाट कानून बनाउनुको सट्टा कार्यपालिकाको निर्णयबाट समस्या समाधान गर्ने कोसिस गऱ्यो कि नाटक गऱ्यो, बुझ्न गाह्रो छ । तैँले चिँ गर म झम्टिन्छु, भने जस्तो मुसो-बिरालोको खेल जस्तो भएको नागरिकता विहीनहरूले अनुभव गरेका छन् । सरकार संसदीय प्रक्रिया छलेर परिपत्र तथा अध्यादेश जारी गर्ने र अदालतले त्यसलाई रोक्ने । यसले नागरिकताको विषयलाई थप जटिल बनाएको छ (हरिजन २०७९) ।

चैत १९, २०७५ मा गृह मन्त्रालयले "जन्मका आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई नागरिकता दिने सम्बन्धमा" भन्दै सबै जिल्ला प्रशासन कार्यालयको नाममा परिपत्र जारी गरेको थियो । त्यो परिपत्रले संसदीय व्यवस्था उल्लंघन भएको भन्दै आलोचना भयो । पत्र नै विवादित भई सो विषय सर्वोच्च अदालतमा प्रवेश गऱ्यो । परिपत्रलाई रोक्न सर्वोच्च अदालतमा दुइटा फरक मुद्दा पनि परे । सो परिपत्र बदरका साथै तत्कालै रोक्न अन्तरिम आदेश सहितको माग गर्दै सर्वोच्च अदालतमा रिट दायर भएको थियो । निवेदकको माग बमोजिम उक्त परिपत्र कार्यान्वयन नगर्न सर्वोच्च अदालतबाट अन्तरिम आदेश भयो । अहिलेसम्म पनि उक्त दुई मुद्दाको टुंगो लागेको छैन ।

केपी ओली नेतृत्वको तत्कालीन सरकारले नागरिकता सम्बन्धी अध्यादेश जारी गर्न जेठ ६, २०७८ मा सिफारिस गरेपछि राष्ट्रपति विद्यादेवी भण्डारीले जेठ ९ मा अध्यादेश

[१८] यादवसँग साउन २५, २०७७ मा गरिएको कुराकानी ।

[१९] एक कर्मचारीको रूपमा म आफै पनि यो संस्थामा आबद्ध छु ।

जारी गरेकी थिइन्। तर, सर्वोच्च अदालतले नागरिकता अध्यादेश तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश दियो। केपी ओली नेतृत्वको सरकारले जेठ ८ मा प्रतिनिधिसभा विघटन गरे लगत्तै जेठ ९ मा नागरिकता सम्बन्धी अध्यादेश ल्याएको थियो। अघिल्लो दिन प्रतिनिधिसभा विघटन भएको र लगत्तै भोलिपल्ट अध्यादेश जारी गरिएको देखिँदा यस प्रकारको अभ्यासलाई सहज, सामान्य वा नियमित मान्न सकिन्न। संसद्लाई छलेर अध्यादेश जारी गर्दा त्यसबाट विधायिकाको अधिकार र प्रभावकारितामा अनुचित हस्तक्षेप गरेको अवस्था पैदा हुन सक्छ भन्ने सर्वोच्च अदालतको आदेशमा उल्लेख थियो ।

यो लेख तयार हुँदै गर्दा शेरबहादुर देउवा नेतृत्वको सरकारले "नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक" प्रतिनिधिसभा र राष्ट्रिय सभाबाट पारित गराई साउन १५, २०७९ मा स्वीकृतिका लागि राष्ट्रपति समक्ष पेश गरेको थियो । तर, सो विधेयकलाई "नेपालको संविधान बमोजिम नागरिकता प्राप्ति सम्बन्धी विषयमा संघीय संसद्बाट पुनर्विचार हुन आवश्यक देखिएकाले" भन्दै राष्ट्रपति कार्यालयले प्रतिनिधि सभामै फिर्ता पठायो (नेपाल समय २०७९) । प्रतिनिधि सभा र राष्ट्रिय सभाबाट पुनः जस्ताको तस्तै पारित गरी स्वीकृतिका लागि राष्ट्रपति समक्ष पेश गरियो। तर, राष्ट्रपतिबाट सो विधेयक स्वीकृत नभएका कारण त्यतिकै थन्किन पुगेको छ । मंसिर ४, २०७९ को निर्वाचन पश्चात् नयाँ संसद् बनिसकेकोले अब संसद्ले नागरिकता सम्बन्धी विधेयकलाई कसरी अघि बढाउँछ, त्यो हेर्न बाँकी छ ।

नागरिकता अध्यादेश वा विधेयक ल्याउने उल्लिखित दुवै कार्य नागरिकता विहीनहरूप्रति तत्कालीन सरकार संवेदनशील भएर ल्याउन खोजिएको नभई आ-आफ्नो सत्ता जोगाउन मधेश केन्द्रित दलहरूको माग पूरा गरेजस्तो देखाउन मात्र ल्याइएको आभास हुन्थ्यो । त्यसैले, विभिन्न निकायबाट त्यसमा हुनुपर्ने जति गम्भीर पहल भएन। यस विषयमा सरकार वा राजनीतिक दलहरू संवेदनशील हुन्थे भने संविधान निर्माणपछि प्रतिनिधि सभाको पहिलो कार्यकालमा यस सम्बन्धी कानून निर्माण वा संशोधन गर्ने प्रक्रिया पहिल्यै अगाडि बढिसकेको हुन्थ्यो । नागरिकता नपाएर राज्य विहीन बनाइएकाहरूले उहिल्यै नागरिकता पाइसकेका हुन्थे । तर, अब नवगठित प्रतिनिधिसभाले यसलाई प्राथमिकतामा राखेर यो विषय टुंग्याउनु जरुरी छ ।

## नागरिकताबाट वञ्चितीकरण र राज्य विहीनता

वि.सं. २०४६ मा नेपालमा नागरिकता बनाउने टोली गाउँ-गाउँमा खटाइयो । नागरिकता टोली खटाइएको बेला मेरो जिजुबुबाले "चाहिँदैन नागरिकता सागरिकता, त्यो कागज लिएर के गर्ने" भनी नागरिकता बनाएनन् । जिजुबुबाले नागरिकता नबनाएपछि न त मेरो हजुरबुबाले नागरिकता लिए न मेरो बुबालाई नै नागरिकता बनाउने आधार भयो । वि.सं.

२०६३ मा पुनः नागरिकता टोली गाउँ-गाउँ खटाइयो । त्यस बेला भने मेरो हजुरबुबा र बुबा दुवै जनाले जन्मको आधारमा नेपाली नागरिकता लिए । अहिले मेरो नागरिकता बनाउने समयमा पुनः समस्या आइपऱ्यो ।

यो मेरो मात्र समस्या नभएर धेरै नागरिकहरूको समस्या हो । नेपालमा जमिनदारी प्रथा रहँदा प्रायः मानिसहरू अशिक्षित भएकाले नागरिकताको महत्त्व बुझेनन् । त्यस बेला उनीहरूलाई नागरिकताको खासै आवश्यकता पनि भएन । सोही कारणले उनीहरूले नागरिकता बनाएनन्, जसको परिणाम आज हामी पनि उनीहरूका सन्तानको रूपमा नागरिकताको समस्यामा पिरोलिँदै छौँ । प्रायः नागरिकता विहीनले बैंक खाता खोल्न, उच्च शिक्षा हासिल गर्न, विदेश जान, रोजगारी गर्न, राज्यबाट उपलब्ध सेवा-सुविधा पाउन, सिमकार्ड लगायतका सुविधा लिन सकेका छैनन् । यसले गर्दा उनीहरूले शिक्षा, स्वास्थ्य र रोजगारीका अवसर गुमाइरहेका छन् । उनीहरूको जीवनमै यसले प्रत्यक्ष रूपमा ठूलो असर पारिरहेको छ ।

नेपाल सरकार गृह मन्त्रालयको तथ्यांक अनुसार चैत ३, २०७५ सम्म वितरित कुल नागरिकता प्रमाणपत्रको संख्या २,२१,५८,१३९ रहेको छ । त्यसमध्ये वंशज २,१५,४१,४१९; जन्मसिद्ध १,९०,७२६; वैवाहिक अंगीकृत ४,१२,९०७; जन्मसिद्ध नागरिकका सन्तानलाई अंगीकृत ४,७७०, विदेशी नागरिकलाई मानार्थ अंगीकृत ४,१६४ र बाबुको पहिचान नभएका नेपाली आमाबाट जन्मिएको सन्तानलाई १५३ ओटा नागरिकता वितरण गरिएको पाइन्छ (झा २०७९) । जन्मसिद्ध नागरिकता सबैभन्दा बढी झापाका बासिन्दाले पाएका थिए (श्रेष्ठ २०७९) ।[२०] नेपाल नागरिकता ऐन, २०६३ को आधारमा नागरिकता वितरण टोली खटाई नेपालभरि जम्मा २६,१५,६१५ जनालाई नागरिकता वितरण गरियो । त्यसरी वितरण गरिएका मध्ये तराई मधेशमा १२,७५,३५५ जना र काठमाडौँमा १३,४०,२६० जना तथा बाँकी अन्य क्षेत्रका व्यक्तिलाई प्रदान गरिएको थियो (थर्ड एलायन्स सन् २०१८ : ८) ।

यसरी देशभित्र लाखौँ नागरिकहरू अनागरिक रहेको अवस्थामा पनि सरोकारवाला निकायहरू मौन भएर बसेको अवस्था छ । सरकारले नागरिकताको विषयलाई गम्भीरता पूर्वक लिएको देखिँदैन । वर्षौंदेखि नागरिकता विषयको विधेयक प्रतिनिधि सभामा विचाराधीन अवस्थामा भए पनि त्यो पारित भई कानून बन्न सकेको छैन । राज्यको यो

[२०] श्रेष्ठ (२०७९) का अनुसार प्रदेश १ को झापामा २६,४३०; मोरङमा २२,७४३; सुनसरीमा २१,५६७ जनाले जन्मसिद्ध नागरिकता प्राप्त गरेका थिए भने मधेश प्रदेशका आठ जिल्लामा जम्मा ६४,०३९ ले जन्मसिद्ध नागरिकता प्राप्त गरेका थिए । त्यसमध्ये पर्सामा १५,०१७; धनुषामा १३,८०१; सर्लाहीमा ११,१४४; महोत्तरीमा ५,७९४; सिरहामा ५,३४६ र रौतहटमा ४,३५२ जना थिए ।

अकर्मण्यताले कानून संशोधन होला र नागरिकता पाइएला भनी पर्खाइमा रहेका लाखौं नागरिकता विहीनहरू मनोसामाजिक पीडा झेलेर बस्न बाध्य छन् ।

नागरिकताको अधिकार पाउन पीडितहरूले धनुषा, महोत्तरी, सर्लाही लगायत देशभरिका १५ भन्दा बढी जिल्ला प्रशासन कार्यालय, गृह मन्त्रालय, राष्ट्रपति कार्यालय, संयुक्त राष्ट्रसंघ, मानव अधिकारको कार्यालयमा समेत ज्ञापनपत्र बुझाएका छन् । तथापि कुनै पनि निकायले यस बारेमा प्रतिक्रिया दिएका छैनन् । सम्पूर्ण सरोकारवाला निकायहरू नागरिकताको सवालमा मौन छन् । सर्वोच्च अदालतले भने विभिन्न समयमा अन्तरिम आदेश जारी गरेर बैंक खाता खोल्ने, समकक्षता प्रमाणपत्र दिने, विवाह दर्ता, जन्म दर्ता आदि गर्ने आदेश जारी गर्दैआएको छ भने मुद्दा लिएर जाने व्यक्तिहरूका सन्दर्भमा आवश्यक प्रमाण हेरिकन नागरिकता दिनू भनी परमादेश दिएको छ । मधेश प्रदेश क्षिरेश्वरनाथ नगरपालिकाका आकाश गुप्ताले २०७८ सालमा सर्वोच्च अदालतको यस्तो परमादेशका आधारमा नागरिकता पाएका छन् । तर, त्यसलाई नजिर मानेर त्यस्तै अवस्थाका अरू व्यक्तिलाई नागरिकता दिन जिल्ला प्रशासन कार्यालयहरूले मानिरहेका छैनन् ।

विभिन्न उच्च अदालतबाट फैसला भएका करिब ५० ओटा मुद्दाको समेत कार्यान्वयन भएको छैन । यस सन्दर्भमा बेयरफुट लयर्स नेपालले वि.सं. २०७८ मै उच्च अदालतबाट भएका नागरिकता सम्बन्धी परमादेशलाई कार्यान्वयन गराउन लागि सार्वजनिक सरोकारको मुद्दा (पीआईएल) समेत दर्ता गरेको थियो । पीआईएलको पहिलो पेसीमा सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गरिदियो । अन्तरिम आदेशमा निवेदकलाई शिक्षा, रोजगार, बैंक खाता खोल्ने लगायतका सेवा-सुविधा उपयोग गर्नबाट वञ्चित नगर्नू नगराउनू भनी उल्लेख गरे पनि त्यसको अन्तिम फैसला नहुँदा नागरिकताको विषय चाहिँ ज्यूँका त्यूँ रहेको छ ।

## निष्कर्ष

नागरिकता नागरिकको नैसर्गिक अधिकार हो । यसैको आधारमा नागरिकले राज्यबाट प्रदान गरेका अधिकार तथा सेवा-सुविधा प्राप्त गर्न सक्छन् । त्यसैले, नागरिकता प्रमाणपत्रलाई अधिकार प्राप्तिको लागि चाहिने अधिकार (राइट टु ह्याभ राइट्स) भनिन्छ ।

नागरिकलाई नागरिकता दिनु राज्यको प्रमुख दायित्व हो । नागरिकता व्यक्तिलाई राज्यसँग कानूनी सम्बन्ध स्थापना गर्ने एउटा पूर्वशर्त हो । त्यसैले, सम्मानपूर्वक बाँच्नका लागि नागरिकता प्रमाणपत्र आवश्यक छ । विभिन्न मुलुकले आफ्ना नागरिकलाई विभिन्न किसिमले प्रमाणीकरण गर्ने अभ्यास अपनाएका छन् । यद्यपि, नेपालमा धेरै मानिसहरूले संवैधानिक, कानूनी, प्रशासनिक अथवा अन्य व्यावहारिक अवरोधले गर्दा नागरिकता पाउन सकिरहेका छैनन्, जसले गर्दा उनीहरू राज्य विहीन भएका छन् ।

नेपालको संविधान २०७२ को भाग ३, धारा १८ मा समानताको हकमा "सबै नागरिक कानूनको नजरमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन" भनी लेखिएको छ । संविधानले समान रूपमा बाँच्न पाउने अधिकार सुनिश्चितता गरे तापनि नागरिकता विहीनहरूले समानता महसुस गर्न सकेका छैनन् ।

नेपाल सरकारले समयमै संवेदनशील भएर नागरिकता ऐन पारित नगरे नागरिकहरू अनागरिक भइरहँदा उनीहरू चरम असन्तुष्टि र निराशामा पुग्ने डर हुन्छ । नागरिकता वितरणमा सहजता भए नागरिकले आ-आफ्नो नागरिकता बनाउँछन् । उनीहरू आ-आफ्नो आवश्यकता अनुसार आ-आफ्नै दिनचर्यामा लाग्छन् र उनीहरूको जीवन सहज हुँदै जान्छ । फलस्वरूप, युवाहरूको ऊर्जाशील समयको सदुपयोग हुनुका साथै नयाँ जोश जाँगरले कार्य गर्न प्रेरित हुन्छन् । नागरिकता नभएर उच्च शिक्षा हासिल गर्न नपाएका नागरिकहरूले नागरिकता पाए उच्च शिक्षाका लागि आफूले रोजेको विषयमा प्रवेश गर्न ढोका खुल्छ । शिक्षित, योग्य युवाले लोकसेवा आयोग, शिक्षक सेवा आयोग आदिमा जाँचहरू दिएर जागिर खान पाउँछन् । देशभित्रै व्यापार, व्यवसाय, पशुपालन गर्न चाहनेले निर्बाध रूपमा त्यो पेशा अंगाल्न सक्छन् । साथै, नागरिकता प्राप्त हुँदा उनीहरूका लागि वैदेशिक रोजगारीका ढोका खुल्छन् । फलस्वरुप उनीहरू आर्थिक रूपमा सक्षम र आत्मनिर्भर बन्छन् । युवाहरूमा देखिएका मनोसामाजिक समस्या पनि समाधान हुँदै जानेछ र देशले दक्ष जनशक्ति पनि पाउनेछ । फलस्वरूप, त्यसले समग्र देशको अर्थतन्त्रमा समेत ठूलो योगदान पुग्न जान्छ । तर, आफ्नै नागरिकहरूलाई राज्यले आशंकाका नजरले हेर्ने, आवश्यक कानून ल्याउन ढिलाइ गर्ने र लाखौँ युवालाई अनागरिक बनाएर राखिरहँदा त्यसले युवाहरूमा चरम निराशा मात्र ल्याउँदैन, राज्यप्रति व्यापक असन्तुष्टि पैदा हुन्छ जसले अन्ततः देशमा अनेक किसिमका द्वन्द्वलाई निम्त्याउँछ । तसर्थ, यो संवेदनशीलतालाई राज्य र सरोकार निकायहरूले बेलैमा बुझ्नु जरुरी छ ।

## धन्यवाद

आफ्नो भोगाइका साथै, आफूजस्तै नागरिकता विहीनहरूको विषयमा लेख्ने अवसर दिने मार्टिन चौतारी र अनुसन्धाता सोहन प्रसाद साहलाई धन्यवाद छ । यस विषयमा अध्ययन र लेखनको क्रममा मेन्टरका रूपमा निरन्तर तालिम, सल्लाह र सुझाव दिनुहुने अधिवक्ता रक्षाराम हरिजनप्रति आभारी छु । साथै, यो लेख सम्पादन गर्नुहुने अर्जुन पन्थीलाई पनि धन्यवाद छ ।

## सन्दर्भ सामग्री

झा, देवेश । २०७९ । राष्ट्रवादको नाममा निरीह बुहारीको ‘बलि’ । *खबरहब*, भदौ १५ । https://khabarhub.com/2022/31/427838/ मा उपलब्ध; माघ १, २०७९ मा हेरिएको ।

नेपाल समय । २०७९ । राष्ट्रपतिद्वारा नागरिकता विधेयक फिर्ता : अब के हुन्छ ? साउन २९ । https://nepalsamaya.com/politics/2022-08-14-203034 मा उपलब्ध; भदौ १५, २०७९ मा हेरिएको ।

नेपाल सरकार । २०७२ । *नेपालको संविधान* । काठमाडौँ : नेपाल सरकार ।

बेयरफुट लयर्स नेपाल । २०७८ । सर्वोच्च अदालतले उच्च अदालतको आदेशबमोजिम नागरिकता प्रदान नगर्नुको जवाफ माग्यो । https://barefootlawyers.org.np/sarvochcha-adalatbata-anterim-adesh-jari/ मा उपलब्ध; भदौ २५, २०७९ मा हेरिएको ।

शर्मा, सरस्वती । २०७८ । नागरिकता र न्यायका लागि नवलपरासीका महिलाको संघर्ष । *पैदल अनुसन्धान : प्रयोग र उपलब्धि* । सोहन प्रसाद साह र महेशराज महर्जन, सं., पृ. ४१–५६ । काठमाडौँ : मार्टिन चौतारी ।

श्रेष्ठ, मकर । २०७९ । जन्मसिद्ध नागरिक ४९ जिल्लाका । *कान्तिपुर*, साउन ११ । https://ekantipur.com/news/2022/07/27/165888377122789140.html मा उपलब्ध; माघ १, २०७९ मा हेरिएको ।

श्रेष्ठ, लक्ष्मी । २०७८ । मधेसी महिलाको नागरिकता विहीनता : परिवार, समाज र राज्यमा पितृसत्ता । *पैदल अनुसन्धान : प्रयोग र उपलब्धि* । सोहन प्रसाद साह र महेशराज महर्जन, सं., पृ. २३–४० । काठमाडौँ : मार्टिन चौतारी ।

हरिजन, निशा । २०७६ । अल्पकालीन आदेशको दीर्घकालीन प्रभाव । *नागरिक,* मंसिर २६ । https://nagariknews.nagariknetwork.com/opinion/198237-1576123560.html मा उपलब्ध; भदौ २९, २०७९ मा हेरिएको ।

हरिजन, रक्षाराम । २०७४ । बल्झिरहने नागरिकता मुद्दा । *कान्तिपुर*, भदौ २६ । https://ekantipur.com/ampnews/2017-09-11/20170911065218.html मा उपलब्ध; साउन १७, २०७९ मा हेरिएको ।

हरिजन, रक्षाराम । २०७७ । “जन्मको आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई नागरिकता दिने” गृह मन्त्रालयको परिपत्रको भ्रम र यथार्थता । द *बुद्ध एक्सप्रेस*, चैत ११ । https://thebuddhaexpress.com/opinion-raksha-ram/ मा उपलब्ध; भदौ ९, २०७९ मा हेरिएको ।

हरिजन, रक्षाराम । २०७९ । आफ्नै देशमा अनागरिक भयौँ । *नयाँ पत्रिका*, वैशाख १० । https://jhannaya.nayapatrikadaily.com/news-details/1702/2022-04-23 मा उपलब्ध; असार २५, २०७९ मा हेरिएको ।

FWLD (Forum for Woman, Law and Development). 2013. *Acquisition of Citizenship Certificate in Nepal Estimating Prevalence.* April, 2013. Available at https://fwld.org/wp-content/uploads/2016/06/Acquisition-of-Citizenship-Certificate-in-Nepal-Estimating-Prevalence.pdf; accessed August 22, 2022.

FWLD. 2021. *Compilation of Selected Decisions of Supreme Court on CITIZENSHIP and BIRTH REGISTRATION*. Kathmandu. FWLD.

Harijan, Raksha Ram. 2021. Stateless in Their Own Country. *The Record*. Available at www.recordnepal.com; accessed July 29, 2022.

NWC (National Women Commission) and FWLD. 2014. *Analysis of Nepalese Citizenship Laws from a Gender Perspective Analysis of Nepalese Citizenship Laws from a Gender Perspective*. Available at https://fwld.org/wp-content/uploads/2016/06/Analysis-of-Nepalese-Citizenship-Laws-from-a-Gender-Perspective.pdf; accessed September 22, 2022.

The Himalayan Times. 2018. 5.4 Million People Stateless in Nepal. Available at https://thehimalayantimes.com/kathmandu/5-4-million-people-stateless-in-nepal; accessed August 07, 2022.

THRD Alliance. 2018. *Problems of Stateless*. Kathmandu: Terai Human Rights (THRD) Alliance.